## ६६औं बैठक

आज मिति २०७६ साल असार २६ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र वहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, नगर उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८

श्री लक्ष्मन राना, वडा अध्यक्ष वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११

श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२

श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३

श्री रमना परियार, कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री खिम कुमारी राना, कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य

श्री भुमीकला सुनार, कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य

श्री विष्णु खत्री, कार्यपालिका सदस्य

श्री कमलप्रसाद पौडेल,(सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी

श्री मानबहादुर ठाडा, लेखा अधिकृत

श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत

श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत

श्री कुल प्र. खड्का, ना.प्र.

श्री लक्ष्मीप्रसाद सापकोटा, कार्यालय सहयोगी

Scanned by CamScanner

**प्रस्ताव नं. १ :विद्युतीकरण विस्तार कार्यक्रम सञ्चालन समिति भेरीगंगा १० तथा ठुलोखाल-लेक झिङनी विद्युतिकरण कार्यक्रम भेरीगंगा ६ को भुक्तानी सम्वन्धमा ।**

निर्णय नं. १ : प्रस्ताव नं.१ को सम्बन्धमा विद्युतीकरण विस्तार कार्यक्रम सञ्चालन समिति भेरीगंगा १० तथा ठुलोखाल लेक झिङनी विद्युतिकरण कार्यक्रम भेरीगंगा ६ समितिहरुले पाँच लाख भन्दा बढीका सामग्रीहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियम ले तोके बमोजिमको प्रकीया पुरा नगरी यस नगरपालिकाको कार्यालयमा कार्य सम्पन्न गरि भुक्तानी माग गरेको सम्वन्धमा उपर्युक्त उपभोक्ता समितिहरुले निर्दिष्ट सम्झौता बमोजिमको कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदन, नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन प्राप्त भएको वर्तमान अवस्थामा उपर्युक्त विद्युतीकरण विस्तार कार्यक्रम सञ्चालन समिति भेरीगंगा १० लाई रु ११,९३६७४।०० तथा ठुलोखाल लेक झिङनी विद्युतिकरण कार्यक्रम भेरीगंगा ६ लाई २१,१२,०००।०० रकम भुक्तानी दिनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :आर्थिक सहायता सम्वन्धमा ।**

निर्णय नं. २ : भेरीगंगा वडा नं.१० निवासी मनबहादुर नकाल रुख ढली खुट्टा काटीई घाइते भएको सम्वन्धमा वडा नं.१० वडा समितिको सिफारिसमा निज पिडीत व्यक्तीलाई रु १०,०००।००(अक्षरुपी दशहजार रुपैया मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिका अर्न्तगत प्रधानमन्त्री स्वरोजगार कार्यक्रम तर्फको भुक्तानी बैंक मार्फत सम्भव नदेखिएको अवस्थामा नगदमै भुक्तानी गर्ने व्यवस्था गर्न हुन प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :नगरसभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : प्रस्तुत विषयमा यस नगरपालिकाका कर्मचारीहरुको मिति २०७६।३।२२ गते बसेको स्टाफ बैठकबाट गरिएका निर्णयहरुको सम्वन्धमा आवश्यक प्रक्रिया अघि बढाउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner